# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको

## अन्ठाउन्नौं वार्षिक साधारण सभाको काम कारवाहीको निर्णय विवरण (माईन्युट)

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको मिति २०८१ साल फाल्गुण ६ गते मंगलवार बसेको सञ्चालक समितिको १०६७ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३ र कर्पोरेशनको प्रबन्धपत्र तथा नियमावली बमोजिम अन्ठाउन्नौं वार्षिक साधारण सभाका सभापति श्री प्रदिपलाल श्रेष्ठज्यूको सभापतित्वमा देहाय बमोजिम सुसम्पन्न भयो ।

**सभाको स्थान, मिति र समय:**

मिति : २०८१ साल चैत्र १५ गते शुक्रवार (तदनुसार २८ मार्च २०२५)

समय : दिनको ११:०० बजे ।

स्थान : त्रिभूवन आर्मि अफिसर्स क्लव भद्रकालि,काठमाडौ ।

१ **सभाको सूचना प्रकाशन:**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कर्पोरेशनको अन्ठाउन्नौं वार्षिक साधारण सभाको सूचना आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन, आर्थिक विवरण, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सबै शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगाना र इमेलमा पठाउनुका साथै २०८१ साल फाल्गुण १५ र १८ गतेको **"गोरखापत्र"** दैनिकमा कर्पोरेशनको अन्ठाउन्नौं वार्षिक साधारण सभा हुने स्थान, समय र छलफल हुने विषयहरुको सूचना पनि शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिनुका साथै कर्पोरेशनको **Website www.stcnepal.com** मा राखिएको थियो । साथै साधारण सभामा आमन्त्रित भई दिन नियमन निकायहरु नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा पत्राचार गरिएको ।

२ **छलफलको विषयसुचि:**

**क. सामान्य प्रस्ताव**

१. अन्ठाउन्नौ वार्षिक साधारणसभाका लागि आर्थिक बर्ष २०८०/२०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०८०/२०८१ को लेखापरिक्षकको प्रतिवेदन सहित सोही आ.व. को वित्तिय अवस्थाको विवरण, नाफा–नोक्सानीको विवरण,नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरण तथा लेखा नीती तथा टिप्पणी उपर छलफल गरि पारित गर्ने ।

३. लेखापरिक्षण समितिको सिफारीश अनुसार आर्थिक वर्ष २०८१/२०८२ को वित्तिय विवरण लेखापरिक्षण गर्न लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने । (हालको लेखापरिक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाण्टेण्टस्) पुन : नियुक्तीको लागि योग्य हुनुहुन्छ)

४. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम चुक्ता पूंजीको १० (दश) प्रतिशतका दरले नगद लाभांश वापत रु ३,२०,७१,६९५।५ (अक्षरेपी तीन करोड विस लाख एकहत्तर हजार छ सय पन्चानब्बे रुपैया पैसा पचास) (कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।

**ख. <u>बिशेष प्रस्ताव</u>**

१. कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृत उपर छलफल गरि पारित गर्ने ।

२. प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा बाढी पिडितको लागि जम्मा गरेको राहत रकम अनुमोदन गर्ने ।

**ग. विविध**

३ <u>उपस्थिति:</u>

<u>संचालकहरुको उपस्थिति:</u>

| | | | |
|---|---|---|---|
| श्री | प्रदिपलाल श्रेष्ठ | : | सभापति |
| श्री | शिवराम पोखरेल | : | सञ्चालक |
| श्री | रमेश आचार्य | : | सञ्चालक |
| श्री | अञ्जन श्रेष्ठ | : | सञ्चालक |
| श्री | नारायणदास मानन्धर | : | सञ्चालक |
| श्री | राजेश कुमार श्रेष्ठ | : | सञ्चालक |
| श्री | सुनिल श्रेष्ठ | : | सञ्चालक |

<u>उपस्थित पदाधिकारी :</u>

| | | |
|---|---|---|
| श्री | उर्मिला श्रेष्ठ | : प्रमुख कार्यकारी अधिकृत |
| श्री | कुमार राजभण्डारी | : नायव प्रमुख कार्यकारी अधिकृत |
| श्री | ओमशिद्धि गुभाजु | : नायव प्रमुख कार्यकारी अधिकृत (अर्थ तथा लेखा) |
| श्री | उमेशकुमार ओझा | : बिभागिय प्रवन्धक/कम्पनी सचिव |

**आमन्त्रित पदाधिकारीहरु:**

श्री अनिल जोशी : चार्टड एकाउण्टेण्ट(कुवेर एन भट्टराई एण्ड कम्पनी)

श्री सागर पौड्याल : अधिवक्ता (जुरिष्ट एण्ड कम्पनी)

४ **गणपूरक संख्या र सभाको वैधानिकता:**

| विवरण | कूल सख्या | स्वंयम् उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा उपस्थित | जम्मा उपस्थित भएको प्रतिनिधि प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी सख्या | ९४०३ | १०६ | १३४ | २४० | २.५५ |
| शेयर सख्या | ३२०७१६९ | ८४७७०० | १०८९७३४ | १९३७४३४ | ६०.४० |

उपरोक्त वमोजिम शेयरधनीहरु सभामा उपस्थित भएको हुंदा कम्पनी ऐन २०६३ दफा ७३ को उपदफा (२) तथा कर्पोरेशनको प्रबन्धपत्र नियमावली बमोजिम यो साधारण सभाको गणपूरक सख्या पुगेको र प्रचलित ऐन कानून अनुसार सभा वैधानिक भएको कुरा कम्पनी सचिव श्री उमेश कुमार ओझाले सभालाई जानकारी गराउनु भयो ।

५ **सभाको सभापतित्व:**

कम्पनी ऐन २०६३ को दफा ७४(१) र कर्पोरेशनको नियमावलीको दफा ५० (१) अनुसार कर्पोरेशनका सञ्चालक समितिका अध्यक्ष श्री प्रदिपलाल श्रेष्ठज्यूले कर्पोरेशनको अन्ठाउन्नौं वार्षिक साधारणसभाको अध्यक्षता गर्दै सभापतिको आसन ग्रहण गर्नुभयो ।

६ **सभा संचालन तथा आर्थिक बर्ष २०८०/२०८१ को वार्षिक प्रतिवेदन प्रस्तुति:**

आशन ग्रहण पश्चात् सभापतिज्यूले सभाको काम कारवाही अघि बढाउने क्रममा संक्षिप्त रुपले अध्यक्षज्यूको प्रतिवेदन सहित आफ्नो मन्तव्य व्यक्त गर्दै सभाका लागि घोषित बिषयसूचि उपर छलफलका लागि आव्हान गर्नुभयो ।

७ **छलफलको लागि सहभागी हुनेहरु:**

कर्पोरेशनको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन लगायत वित्तिय अवस्थाको विवरण नाफा वा नोक्सानी तथा अन्य विस्तृत आयको विवरण नगद प्रवाह बिवरण र इक्विटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा आ–आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न भए सो समेत प्रस्तुत गर्न शेयरधनी महानुभावहरु समक्ष सभापतिज्यूले गर्नु भएको अनुरोध

बमोजिम देहायका ९ (आठ) जना शेयरधनीहरुले छलफल क्रममा सहभागी हुनु भयो ।

१. श्री जगन्नाथ आचार्य

२ श्री गुणराज भट्ट

३ श्री भेषराज भण्डारी

४. श्री कृष्ण प्रसाद अधिकारी

५. श्री अनुपमा गुप्ता

६. श्री रोज कुमार श्रेष्ठ

७. श्री उत्सव सुन्दर श्रेष्ठ

८ श्री डमरु वल्लभ घिमिरे

९. श्री महेन्द्र बहादुर श्रेष्ठ

८. **सहभागि शेयरधनीहरुले छलफलको क्रममा ब्यक्त गर्नु भएका जिज्ञासा एवं सुझावहरुको संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ ।**

८.१. **जिज्ञासा :**

(क) यस कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत श्री उर्मिला श्रेष्ठ Manager of the year Award बाट सम्मानित हुन भएकोमा गौरवान्वित हुदै देशभरी रासायनिक मलको बारेमा समस्या उत्पन्न भएको अवस्थामा कर्पोरेशनले गैर अनुदानित मल आयात गरी मलको आपूर्तिमा केही हदसम्म सहजीकरण गर्न सकेकोमा धन्यवाद दिदै गैर अनुदानित मलको आयातमा बृद्धि गरि अनुदानित मल आयात गर्न के गरिरहेकोछ । स्पष्ट पारिदिनु हुन्छ की ?

(ख) मोरङ्ग सुगर मिल सञ्चालन नभए पनि उखु फार्म सञ्चालनमा रहेको भनिएकोछ । कारखाना राख्ने तर्फ के भई रहेकोछ । उखु फार्मको अवस्था के कस्तो रहेकाछ ? स्पष्ट पारिदिनु हुन्छकी ?

(ग) कर्मचारी भनेका संस्थाका मेरुदण्ड हुन । कर्मचारीको बृत्ति विकास लगायतको बिषयमा गुनासो आएको हुदा समितिले यस विषयमा के योजना ल्याएकोछ । स्पष्ट पारिदिनुहुन्छकी ?

(घ) कर्पोरेशनको संस्थापक शेयर र साधारण शेयर छुट्याईएको छैन । के हो स्पष्ट पारिदिनु हुन्छकी ?

(ङ) एउटै प्रकृतिका फरक फरक कम्पनीहरु छन ? के कारणले फरक बनाईएको हो । तिनीहरुलाई एउटै बनाउदा के हून्छ । स्पष्ट पारिदिनु हुन्छकी ?

(च). छलफलको बिषय सूचिमा कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) उल्लेख गरी ऋण सुविधाको प्रस्ताव गरिएको छ के का लागि ऋण लिने गरिएको हो स्पष्ट पारिदिनु हुन्छकी ?

(छ) समिक्षागत रुपमा लाभांशदिन सकेकोमा धन्यवाद दिदै लगानीकर्ताको प्रमुख चासोको बिषयमा भनेको लगानीको प्रतिफल भएकोले कर्पोरेशनको साभारणसभाबाट पारित भईसकेको लाभांश वितरणमा किन ढिला हुन गएको हो । स्पष्ट पारिदिनु हुन्छकी ?

**सभाका सभापति श्री प्रदिपलाल श्रेष्ठज्यूले शेयरधनी महानुभावहरुले कर्पोरेशन प्रति सकारात्मक अवधारणा देखाई रचनात्मक सुझाब सहितको प्रश्न राखी संस्था प्रति देखाउनु भएको सदाशयता प्रति धन्यवाद व्यक्त गर्दै कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत श्रीमती उर्मिला श्रेष्ठलाई शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रश्नहरुको समूहगत रुपमा जानकारी गराउन अनुमति दिनु भए पश्चात् प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिमको जानकारी सभामा प्रस्तुत गर्नुभयो ।**

८.२. जवाफ :

(क) शेयरधनी महानुभावहरुले यस कर्पोरेशनको प्रमुख कार्यकारी अधिकृत Manager of the year Award बाट सम्मानित हुनु भएकोमा बधाई दिनुख भएको हुदा धन्यावाद दिदै कर्पोरेशनले बर्षेनी देशमा हुने रासायनिक मलको अभावलाई न्यूनिकरण गर्ने उद्देश्यले गैन्ह अनुदानित मलको आयात गरी बिक्री वितरण गर्दै आएकोछ । उक्त मलको माग बढ्दै गएको हुदा आयात तथा बिक्री परिमाणलाई बृद्धि गर्दै लगिएकोछ । नेपाल सरकारले रासायनिक मलको जम्मा कोटाको ३० प्रतिशत मात्र कर्पोरेशनलाई आयात गर्न अनुमति प्रदान गरेकोछ । जस अनुसार कर्पोरेशनले प्राप्त गरेको कोटा समय सिजन भित्रै केही

परिमाणमा आयात भई सकेको र केही आयात प्रकृया भईरहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउंदछौ ।

(ख) मोरङ्ग सुगर मिल्सको जग्गामा उखु फार्म सञ्चालन गरिएकोछ । उक्त फार्मको अवस्था राम्रो रहेकोछ । हाल उखु कारखाना सञ्चालन गर्ने तथा एक्लै वा साझेदार संग मिलि सञ्चालन गर्ने भन्ने सम्वन्धमा अध्ययन भईरहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौ ।

(ग) कर्मचारीहरुको बृत्ति विकास, तालिम तथा सुविधाको विषयमा सञ्चालक समिति तथा ब्यवस्थापन संचेत रहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउंदछौ ।

(घ) कर्पोरेशन नेपाल सरकारको समेत लगानी रहेका पब्लिक लिमिटेड कम्पनी भएको र यसले शेयर जारी अगर्दा संस्थापन एंव सर्वसाधारण भनी बिभाजन नगरेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौ ।

(ङ) नाम एउटै प्रकृतिका भए पनि कार्य प्रकृति फरक फरक भएको र कार्य प्रकृति मिल्ने कम्पनीहरुलाई मर्जर गर्ने तर्फ अध्ययन गरिहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौ ।

(घ) प्रचलित कानून बमोजिम कुनै कम्पनीले नियमित ब्यवसायिक कामको सिलसिलामा बैंक वा वित्तिय संस्थाबाट छ महिना भन्दा कम अवधिको लागि लिएको ऋण सुविधा बाहेक आफ्नो चुक्ता पुंजि र संचित मुनाफा (फ्रि रिर्जभ) को जम्मा रकम भन्दा बढी हुने गरी ऋण लिनु पर्दा कम्पनी ऐनको दफा १०५(१) को खण्ड (ख) बमोजिम साधारणसभाबाट स्वीकृत लिनु पर्ने ब्यवस्था भए बमोजिम सो को स्वीकृतीको लागि प्रस्ताव गरिएको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौ ।

(छ) शेयरधनी महानुभावहरुको सल्लाह र सुझाव अनुसार विगत बर्षहरु देखि नै बोनस शेयार जारी गरेर कम्पनीको चुक्ता पूजींको संरचनामा बिशेष ध्यान दिएको विदितैछ । प्रचलित कम्पनी ऐनं २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकारको लगानी रहेका कम्पनीहरुले साधारणसभाले लाभांश पारित गरिसके पश्चात् वितरण गर्नु अगावै नेपाल सरकारको

स्वीकृति लिनु पर्ने प्रावधान अनुसार स्वीकृतिको लागि तालुक मन्त्रालयमा पठाउने गरेको हो । आ.व ०७६/०७७, ०७८/०७९ र ०८०/०८१ को मात्र नेपाल सरकारबाट स्वीकृत हुन बांकी लाभांश स्वीकृतको लागि तालुक मन्त्रालय मार्फत आवश्यक पहल भईरहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउंदछौ ।

९ **छलफलको क्रममा व्यक्त गरिएका सुझावहरुको सूचीकरण:**

(क) संस्थागत सुशासन पारदर्शि गर्नख सुझाव ।
(ख) आगामी साधारण सभा ऐनले निर्दिष्ट गरेको समय सिमा भित्रै गर्न सुझाव ।
(ग) कर्पोरेशनका कर्मचारीहरुले गरेको गोदान उपयुक्त र ठिक ठाउमा सा्दुपयोग गर्न सुझाव ।
(घ) आगामी बर्ष नगदको सट्टा बोनस शेयर पनि सुझाव ।
(ङ) कर्मचारी संस्थाका खम्वा हुन उनिहरुको सेवा सुविधा, तालिम मा बिचार पुऱ्याउन सुझाव ।
(च) कर्पोरेशनले निर्धन तथा विपन्न बर्गमा शिक्षामा सहयोग गर्न सुझाव ।
(छ) लगानी क्षेत्रमा ध्यान दिन सुझाव ।
(ज) मिटी खर्च बढी भएको हुदा घटाउन सुझाव ।
(झ) को ५७ औ वार्षिक साधारणसभामा दिईएका सुझावहरु क्रमश कार्यान्वयन हुदै आईरहेकोमा धन्यवाद दिर्दै समय भित्रै लाभांश वितरण गर्न सुझाव ।
(ञ) अनुदानित मल सिमित भएको तर गैर अनुदानित मल समयमानै ल्याएर मलको कारोवार अझ बृद्धि गर्न सुझाव ।
(ट) साधारणसभाबाट पारित भई सकेको पुरानो लाभांश नेपाल सरकारसंग समन्वय गरि छिटो उपलब्ध गराउन शेयरधनीहरुलाई जानकारी गराउन सुझाव ।
(ठ) लेखापरिक्षकलाई समयमानै लेखापरिक्षण गरिदिन अनुरोध एंव सुझाव ।
(ड) कर्पोरेशनको उत्पादनको गुणस्तरमा ध्यान दिन सुझाव ।
(ढ). ब्यापार विविधिकरणमा ध्यान दिन सुझाव ।
(ण) बिभिन्न क्षेत्रहरुमा गरेको लगानीमा कमीकमजोरीहरु रहेको हुदा प्राविधिक कमजोरीहरुमा ध्यान दिन सुझाव ।
(त) कर्पोरेशनले आफ्नो दायरा फराकिलो पार्दै लैजान सुझाव ।
(थ) स्थानिय खाद्य बस्तुहरुको विक्री वितरणमा ध्यान दिन सुझाव ।
(द) ऋणमा बृद्दि भएको हुदा मितब्यीता गर्न सुझाव ।
(ध) घाटामा गएका कम्पनीहरु ब्यवस्थापन गर्न सुझाव ।

१० **धन्यवाद तथा प्रशंसा प्रति आभार व्यक्त:**

छलफलको क्रममा प्रायश: सबै सहभागी शेयरधनीहरुले कर्पोरेशनको क्रियाकलापको सन्हाना गर्नुको साथै कर्पोरेशनले निरन्तर रुपमा लांभाश दिंदै आएको, व्यापार विविधीकरणको नीति अपनाएको समिक्षा वर्षमा भएको मुनाफाबाट शेयरधनीहरुलाई १० प्रतिशत नगद लाभांश कर प्रयोजनार्थ दिन सफल रहेकोमा सन्हना गर्दै भविष्यमा सो गतिलाई अझ सुदृढ पार्न दिनु भएको सुझावहरु कर्पोरेशनले आगामी दिनहरुमा क्रमश: कार्यान्वयन गर्ने प्रयास गर्नेछ । सहभागी शेयरधनीहरुले व्यक्त गर्नुभएको मन्तव्य, विचार, प्रश्न तथा जिज्ञासाहरु रचनात्मक एवं सकारात्मक किसिमको रऱ्यो । उहाहरुले कर्पोरेशनको काम कारवाहीमा गहिरो अभिरुचि राखी सञ्चालक समिति तथा व्यवस्थापनलाई थप मार्गदर्शन गरी कर्पोरेशनको मनोवल बढाउन सहयोग पुऱ्याउनु भयो । यसरी शेयरधनी महानुभावहरुले दिनुभएको रचनात्मक सुझाव एवं मार्गदर्शन प्रति सभापतिज्यूले आभार व्यक्त गर्नुभयो ।

११ **सभाको निर्णय:**

(क). **सामान्य प्रस्ताव**

१. **अन्ठाउन्नौ वार्षिक साधारणसभाका लागि आर्थिक बर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूचि न.१ को आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल पश्चात सर्वसम्मतिबाट पारित गरियो ।

२. **आर्थिक वर्ष २०८०/०८१ को लेखापरिक्षकको प्रतिवेदन सहित सोही आ.ब. को वित्तिय अवस्थाको विवरण, नाफा–नोक्सानीको विवरण,नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा लेखा नीती तथा टिप्पणी उपर छलफल गरि पारित गर्ने ।**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूचि न.२ अनुसार आ.व.२०८०/०८१ को हिसाब जांची लेखापरीक्षकले दिनु भएको प्रतिवेदन उपर विस्तृत छलफल पश्चात् लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्त सम्मको वित्तिय अवस्थाको विवरण, नाफा वा नोक्सानी तथा अन्य बिस्तृत आयको विवरण नगद प्रवाह विवरण इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण

तथा लेखा टिप्पणीलाई स्वीकृतिका लागि सभा समक्ष राखेको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३. **लेखापरीक्षण समितिको सिफारीश अनुसार आर्थिक बर्ष २०८१/०८२ को वित्तिय विवरण लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने (हालको लेखापरीक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस् पून: नियुक्तिको लागि योग्य हुनुहुन्छ)**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषय सूचि न. ३ अनुसार कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८१/०८२ को वार्षिक हिसाब लेखापरीक्षण गर्नको लागि लेखा परीक्षकको नियूक्ति र निजको पारिश्रमिक अनुमोदन गर्ने बारे सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले कम्पनी ऐन २०६३ को दफा १६४ अनुसार कर्पोरेशनको लेखापरीक्षण समितिले सिफारिश गरे अनुसार लेखापरीक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस्लाई लेखापरीक्षकमा नियुक्त गरी पारिश्रमिक वापत नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले जारी गरेको (***लेखाव्यवसायी फर्मको*** *मापदण्ड तथा शूल्क सम्बन्धी निर्देशिका, २०७८ (पहिलो संशोधन २०८०)* ले व्यवस्था गरेको बार्षिक कारोवार रकमको आधारमा न्यूनतम शूल्क लागू हुने गरी सिफारिश भएको हुँदा लेखापरीक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टलाई नियुक्ति गर्ने र लेखापरिक्षक शुल्क **लेखाव्यवसायी फर्मको मापदण्ड तथा शूल्क सम्बन्धी निर्देशिका, २०७८ (पहिलो संशोधन २०८०)** ले व्यवस्था गरेको बार्षिक कारोवार रकमको आधारमा न्यूनतम शूल्क लागू हुने ( कर वाहेक) पारिश्रमिक दिने प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरियो । साथै गत आ.व.मा कारोवार रकमको आधारमा भुक्तानी गरिएको लेखापरिक्षकको पारिश्रमिक रकमलाई समर्थन गर्ने समेत निर्णय गरियो ।

४. **सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम चुक्ता पूंजीको १० (दश) प्रतिशतका दरले नगद लाभांश वापत रु ३,२०,७१,६९५।५ (अक्षरेपी तीन करोड विस लाख एकहत्तर हजार छ सय पन्चानब्बे रुपैया पैसा पचास) (कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूची न.४अनुसार शेयरधनी महानुभावहरुलाई लगानीको प्रतिफललाई ध्यानमा राखी समिक्षा बर्षमा भएको मुनाफाबाट १० (दश) प्रतिशतका दरले नगद

लाभांश वापत रु ३,२०,७१,६९५।०५ (कर प्रयोजनार्थ समेत) वितरण गर्न राखेको प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(ख). विशेष प्रस्ताव

१. **कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृती उपर छलफल गरि पारित गर्ने ।**

विशेष प्रस्ताव अन्तर्गत छलफलको बिषयसूचि नं २ अनुसार कम्पनी ऐन २०६३ को दफा १०५ (१) को खण्ड (ख) बमोजिम कर्पोरेशनको हाल चूक्ता पुंजी रु ३२ करोड ७ लाख १६ हजार ९ सय मात्र भएको हुंदा कर्पोरेशनले नेपाल सरकारले दिएको जिम्मेवारी पुरा गर्न तथा विभिन्न व्यापारीक कारोवार गर्नको लागि चूक्ता पूंजि भन्दा बढी बिभिन्न बैंक तथा बित्तिय संस्थाहरुबाट कर्जा, सापट, सुबिधा लिनु पर्ने भएकोले बैंकिङ्ग सुबिधा प्राप्त गर्ने स्विकृतीको लागि सभा समक्ष राखिएको प्रस्ताव सञ्चालक समितिको स्विकृतमा उल्लेखित सुबिधा प्राप्त गर्न सर्वसम्मतीले स्विकृत गरियो ।

२. **प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा वाढी पिडितको लागि जम्मा गरेको राहत रकम अनुमोदन गर्ने ।**

कर्पोरेशनले सामाजिक उत्तरदायित्व अन्तर्गत वाढी पिडितहरुको राहतको लागि प्रधानमन्त्री दैवि प्रकोप उद्धार कोषमा जम्मा गरेको रु ५०,००,०००।–(अक्षरेपी पचास लाख रुपैया) र कर्मचारीहरुको तलव बाट कट्टा गरी समेत भुक्तानी गरिएको रु १०,००,०००।–(अक्षरेपी दश लाख) गरी जम्मा रु ६०,००,०००।–अक्षरेपी साठी लाख रुपैया)आयकर ऐन २०५८ को दफा १२ख अनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको रकम सो आ.व.मा कर योग्य रकममा घटाउने सकिने प्रावधान बमोजिम स्वीकृतिको लागि सभासमक्ष राखेको प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

११.१ **प्रतिवद्धता**:

कर्पोरेशनले आफ्नो व्यावसायिक दक्षतालाई गतिशील बनाई सम्भव भएसम्म प्राप्त व्यावहारिक राय तथा सुझावहरुलाई कार्यान्वयन तथा आगामी दिनहरुमा अझ बढी सुधार गर्दै जाने प्रतिबद्धता सभापतिज्यूले व्यक्त गर्नु भयो ।

१२. **धन्यवाद ज्ञापनः**

शेयरधनी महानुभावहरुका जिज्ञासा, मन्तव्य, विचार, टिप्पणी र गहकिला सुझावहरु रचनात्मक तथा सकारात्मक भएको उल्लेख गर्दै कर्पोरेशनको कार्यमा निकै अभिरुचि राखी कर्पोरेशनको सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्गदर्शन तथा प्रेरणा प्रदान गर्नु भएकोमा शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१३. **सभा विसर्जनः**

अन्त्यमा, सभामा उपस्थित सञ्चालक, नेपाल सरकार, नियमन निकाय तथा अन्य संस्थागत प्रतिनिधि, पर्यवेक्षकहरु, लगायत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै कर्पोरेशनको अन्ठाउन्नौं वार्षिक साधारण सभा दिनको १:०० बजे सभापति महोदयले विसर्जन गर्नुभयो ।

(प्रदिपलाल श्रेष्ठ)
अध्यक्ष

(उमेशकुमार ओझा)
कम्पनी सचिव